प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

## डिप्लोमा/प्रमाणपत्र तहको तपसिलका कार्यक्रमहरुको परीक्षा आवेदन फाराम भर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

(सूचना प्रकाशित मिति २०८३।०१।०४ गते)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् अन्तर्गतका आंगिक शिक्षालयहरुमा २०८० साल बैशाख महिनामा भर्ना भई डिप्लोमा/प्रमाणपत्र तहको सेमेष्टर परीक्षा प्रणाली अन्तर्गत प्राविधिक शिक्षामा विशेष छात्रवृत्ति कार्यक्रममा डिप्लोमा इन एग्रिकल्चर(प्लान्ट साइन्स र एनिमल साइन्स), डिप्लोमा इन सिभिल, बायोमेडिकल, सिभिल (स्पेशलाइजेशन इन हाइड्रोपावर) र जियोमेटिक्स इन्जिनियरिङ्ग कार्यक्रमको **प्रथम वर्ष दोस्रो खण्ड आंशिक, दोस्रो बर्ष दोस्रो खण्डको आंशिक र तेस्रो बर्ष दोस्रो खण्डको नियमित** तर्फका परीक्षार्थीहरुको परीक्षा **जेष्ठ** महिनामा संचालन हुने भएकोले परीक्षार्थीहरुले परीक्षा आवेदन फाराम भरी बुझाउनका लागि मिति २०८३ वैशाख २१ गते भित्र नियमित शुल्कमा र २०८३ वैशाख २८ गते भित्र विलम्ब शुल्कमा तोकिएको हुंदा सम्वन्धित शिक्षण संस्थाहरुले अनिवार्य रुपमा परीक्षा आवेदन फाराम भराउन हुन सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

साथै डिप्लोमा इन बायोमेडिकल इक्यूप्मेण्ट इन्जिनियरिङ कार्यक्रम प्रथम वर्ष प्रथम खण्डको नियमित/आंशिक र द्बितीय वर्ष प्रथम खण्डको नियमित/आंशिक परीक्षाहरु समेत सोही बमोजिम संचालन हुने भएकाले परीक्षा आवेदन फाराम भर्न/भराउन हुन जानकारी गराइन्छ ।

देहायका शर्तहरु पूरा नभएका र तोकिएको समयभित्र आवेदन फाराम नबुझाउने शिक्षण संस्थाका विद्यार्थीहरुलाई परीक्षामा सम्मिलित नगराइने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ । शिक्षालयमा अध्ययनरत परीक्षा दिन योग्य प्रशिक्षार्थीहरुको परीक्षा आवेदन फाराम तोकिएको समयमा नछुटाईकन भर्ने व्यवस्था मिलाउनु हुन समेत अनुरोध छ ।

**शर्तहरु:**

१. शिक्षालयले परीक्षार्थीहरुको परीक्षा आवेदन फाराम ITMS Online मा आफनो User बाट Login गरी परीक्षा आवेदन फाराम Print गरी परिक्षार्थीहरुलाई बितरण गर्नुपर्नेछ ।
२. शिक्षण संस्थामा परीक्षार्थीले नियमित शुल्कमा आवेदन फाराम बुझाउने र ITMS Online मा Entry गर्ने अन्तिम मिति २०८३।०१।२१ गते सम्म
३. शिक्षण संस्थाले सम्वन्धित परिषद् प्रदेश कार्यालयको खातामा नियमित तर्फको परीक्षा आवेदन शुल्क जम्मा गर्नुपर्ने मिति २०८३।०१।२२ गते र सोही दिन ITMS Online मा बैंक भौचर Upload गर्नुपर्ने ।
४. शिक्षण संस्थामा परीक्षार्थीले बिलम्ब शुल्कमा आवेदन फाराम बुझाउने र ITMS Online मा Entry गर्ने अन्तिम मिति २०८३।०१।२८ गते सम्म
५. शिक्षण संस्थाले सम्वन्धित परिषद् प्रदेश कार्यालयको खातामा बिलम्ब तर्फको परीक्षा आवेदन शुल्क जम्मा गर्नुपर्ने मिति २०८३।०१।२९ गते र सोही दिन ITMS Online मा बैंक भौचर Upload गर्नुपर्ने ।
६. शिक्षण संस्थाले भौचर र सम्पुर्ण कागजात सहित फाइल सम्वन्धित परिषद्, प्रदेश कार्यालयमा बुझाउने अन्तिम मिति २०८३।०१।३१ गतेसम्म
७. ITMS Online मा दिइएको Online Payment मार्फत शुल्क बुझाउने शिक्षालयको हकमा परीक्षार्थीहरुको प्रवेश पत्र शिक्षालय स्वयंले प्रिन्ट गरी प्रचार्यले दस्तखत गरी शिक्षालयको छाप लगाई बितरण गर्नुपर्नेछ ।

**यो सूचना www.ctevtexam.org.np मा हेर्न सकिने छ ।**

**परीक्षा नियन्त्रक**